१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : १२३ ॥ २०८२ जेठ २९ गते बिहिबार (12th June 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

## हात्तीका लागि थापेको धरापमा आफ्नै ज्यान गयो

झापा, जेठ २९ । हात्तीका लागि थापेको विद्युतीय धरापमा परी झापामा फेरि एकजनाको ज्यान गएको छ । हात्तीबाट जोगिन आफैले लगाएको तारबारमा प्रबाह गरेको करेन्ट लागेर कचनकवलमा एकजनाको घटनास्थलमै मृत्यु भएको छ । बुधवार बिहान ८:३० बजे कचनकवल गाउँपालिका ७ बैगुनबारी बस्ने ६५ वर्षीय तीर्थनाथ खनाल आफ्नै बारीमा बाख्रा चराउनको लागि गएकोमा तारबारमा छुन पुगी घटनास्थलमै मृत्यु भएको हो । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयका डीएसपी खगेन्द्र खड्काले जानकारी दिए । यसअघि जेठ २३ गते कनकाई वडा नं. २ जामुनखाडीमा हात्तीलाई छेक्न लगाएको तारबारबाट करेन्ट लाग्दा ८ जना घाइते भएका थिए ।



कनकाई वडा नं. २ जामुनखाडी बस्ने फरकबहादुर बस्नेतको करेसाबारीमा लगाएको बोडी टिप्न जाँदा ८ जना घाइते भएका हुन् ।

घाइते हुनेहरुमा कनकाई २ बस्ने ६४ वर्षीय फरकबहादुर बस्नेत , २६ वर्षीया अनु खड्का, २२ वर्षीया सन्ध्या कार्की , १८ वर्षीय सलिन कार्की , ३५ वर्षीय गोपाल बस्नेत , ५८ वर्षीया डम्बरकुमारी बस्नेत , २२ वर्षीया लक्ष्मी चौहान र ४४ वर्षीय तुलाराम कार्की रहेका थिए ।

झापामा दुई वर्षअघि पनि हात्तीवारमा करेन्ट लागेर एकजनाको ज्यान गएको थियो ।

हात्तीबाट जोगिन घरअगाडि टांगेको बिजुलीको तारमा करेन्ट लागेर बिर्तामोड ७ बाह्रघरेका एकजनाको मृत्यु भएको थियो । पिसाब फेर्न निस्किँदा करेन्ट लागेर ४९ वर्षिय खेम श्रेष्ठको मृत्यु भएको हो । श्रेष्ठले जंगली हात्ती धपाउन आफ्नो घर वरिपरि तार टांगेका थिए ।

हात्ती प्रभावित क्षेत्रका मानिसहरुले गैरकानुनी रुपमा त्यस किसिमको जोखिमपूर्ण उपाय अपनाउँदै आएका छन् । नांगो तार टांग्दा हात्ती मात्र मरेका छैनन् , धेरै मानवीय क्षतिसमेत हुँदै आएको छ । मानिसहरुले गैरकानुनी रुपले हात्तीवार लगाउँदै आएको डिभिजन वन कार्यालयका अधिकृत जीवन पाठकले बताए । उनले सोही हात्तीवारबाट धेरै हात्तीहरु मरेको बताए । केही दिनअघि मात्र केर्खामा करेन्ट लागेर एउटा हात्ती मरेको थियो । आफूहरुले गैरकानुनी ढंगले टांगिएका हात्तीवार हटाइदिन नेपाल विद्युत प्राधिकरणलाई पत्र पठाएको उनले जानकारी दिए ।

हात्ती प्रभावितहरुले बाध्यताका कारण हात्तीवार लगाउनु परेको बिर्तामोड ७ का वडाध्यक्ष अविरल कृष्ण खरेलले बताए । सरकारले जंगल वरिपरि सोलार फेन्सिङ गरेपनि जंगलभित्र हात्तीलाई राख्न सकिरहेको छैन । हात्ती प्रभावितहरुले आफ्नो जीउ ज्यान र बालीनाली जोगाउन हात्तीवारको जोखिम मोल्दै आएका छन् ।

## चट्याङले लागेर चारजना घाइते , चारवटा चौपाया मरे



झापा(प्रस)। बुधवार साँझ वर्षासंगै परेको चट्याङले लागेर झापा र धनकुटामा चारजना घाइते भएका छन् भने तीनवटा चौपाया मरेका छन् । साँझ ६.१० बजे झापा बुद्धशान्ति गाउँपालिका वडा न. -४ सट्टाभर्ना बस्ने ६० वर्षीय पुण्य पौडेल आफ्नै गाईगोठमा काम गर्ने क्रममा हावाहुरीसहित आएको चट्याङ लागेर उनी घाइते भएका हुन् । उनलाई उपचारको लागि बिर्तासिटी अस्पताल बिर्तामोडमा ल्याइएको छ । उनको दुबै आँखा र दाहिने हातमा चोट लागेको छ । सोही समयमा शिवसताक्षी नगरपालिका वडा नम्बर ७ टेक्रा बस्ने ४४ वर्षीया डम्बरकुमारी भुजेलको घरनजिकै रहेको गाईको गोठमा बाँधिराखेको एउटा गाई वर्षासंगै परेको चट्याङले लागेर घट्नास्थलमै मरेको छ । घरभित्र बसिरहेकी डम्बरकुमारी समेतलाई चट्याङले भेटी उनी सामान्य घाइते भएकी छन् । मुखमा सामान्य जलेको डम्बरकुमारीको स्थानीय मेडिकलमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उता धनकुटाको पाख्रीबास नगरपालिका वडा नम्बर ७ देउराली बस्ने ७० वर्षीय सूर्यबहादुर बस्नेतको घर र गोठमा चट्याङ पर्दा घरमा बसिरहेका बस्नेत घाइते भएका छन् । उनको शरीरको दाहिने भागमा चोट लागेको छ । उनलाई उपचारको लागि स्थानीय मेडिकलतर्फ पठाइएको छ । उनको गोठ घरमा बाँधेको एउटा गोरु र एउटा भैसीको पाडो घटनास्थलमै मर्दा अन्दाजी ६५ हजार बराबरको क्षति भएको छ ।

धनकुटा पाख्रीबास -७ थाक्ले बस्ने ५० वर्षीया टिकाकुमारी भण्डारी आफ्नै घरमा बसिरहेको अवस्थामा अचानक परेको चट्याङको झड्काले लागि घाइते भएकी छन् । उनलाई उपचारको लागि जिल्ला अस्पताल धनकुटा लगिएको प्रहरीले जनाएको छ । त्यस्तै अबिरल बर्षासंगै परेको चट्याङले लागेर संखुवासभा खाँदबारी ४ बरालगाउँ बस्ने योगराज बरुवालको गोठमा बाँधिराखेको लैनो भैसी मरेको छ ।

## दक्ष र नियमित कामदारको अभाव



भद्रपुर(प्रस) । झापाको भद्रपुरमा श्रम तथा रोजगारसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको छ ।

भद्रपुर नगरपालिका, रोजगार सेवा केन्द्रको आयोजनामा नगरपालिकाको सभाहलमा नगरप्रमुख गणेश पोखरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा झापा उद्योग वाणिज्य संघ, झापा उद्योग संघ, नेपाल चिया उत्पादक संघ,पदाधिकारी सदस्य तथा भद्रपुर नगरपालिका क्षेत्रमा सञ्चालित विभिन्न उद्योगहरुका सञ्चालकहरुको सहभागिता थियो ।

कार्यक्रममा भद्रपुर नगरपालिका क्षेत्रको रोजगार तथा बेरोजगारको वर्तमान अवस्था तथा नयाँ रोजगार सिर्जनाका सम्बन्धमा अन्तरक्रियात्मक छलफल गरिएको थियो । सुरक्षित आप्रवासन कार्यक्रम (सामी) का संयोजक शेखर बुढाथोकीले सञ्चालन र रोजगार सेवा केन्द्रका संयोजक टिकाराम पाण्डेले प्रस्तुति गरेको कार्यक्रममा सहभागीहरुले नगरभित्र दक्ष र नियमित कामदारको अभावमा भारतीय श्रमिकहरुलाई काम लगाउनुपर्ने बाध्यता रहेको बताए । उद्योग संघ झापाका अध्यक्ष यमबहादुर श्रेष्ठले भने - 'हामी स्थानीय श्रमिकलाई प्राथमिकता दिन चाहन्छौं, तर स्थानीयमा कामप्रतिको इच्छाशक्ति नै देखिँदैन भने दक्षता पनि त्यति पाइँदैन ।' उनले भद्रपुरमा बढी मात्रामा रहेका चिया उद्योग, चामल उद्योग, प्लाइउड उद्योगका श्रमिकहरुलाई नगरपालिकाले प्राविधिक विषयमा तालिम दिनुपर्ने सुझाव दिए ।

चिया उत्पादक संघका अध्यक्ष आदित्य पराजुलीले उद्योगमैत्री नीति बन्न नसक्दा र उद्योगहरु पनि क्रमशः धरासायी बन्दै जाँदा नयाँ रोजगारी सिर्जना हुन नसकेको र भएका रोजगार पनि संरक्षण गर्न गाह्रो अवस्था रहेको उल्लेख गरे ।

अग्रज उद्योगी दिपक पोखरेलले भद्रपुरमा नयाँ उद्योग स्थापनामा नगरपालिकाले करछुट लगायत अन्य विषयमा सहजीकरण गरेर लगानीकर्तालाई आकर्षित गर्नुपर्ने सुझाव दिँदै यसबाट नयाँ रोजगारी सिर्जना हुनसक्ने उल्लेख गरे ।

कार्यक्रममा उद्योगीहरु जेपी शर्मा, शिवकुमार गुप्ता, दिपेश ढकाल, सुभाषरत्न शाक्य, राजेन्द्रकुमार सिंह राजवंशीलगायतले सुझाव राखेका थिए ।

उपप्रमुख राधा कार्की, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, नगरपालिकाको आर्थिक विकास समिति संयोजक प्रशंसा ठटाल, सामाजिक विकास समिति संयोजक सीतादेवी ढकाललगायतको सहभागिता रहेको कार्यक्रममा नगरप्रमुख पोखरेलले उद्योगी व्यवसायीको सुझाव अनुसार भद्रपुरमा उद्योग विकास र रोजगारी सिर्जनाका लागि नगरपालिकाले योजनाबद्ध कार्यक्रमहरु सञ्चालन गर्ने प्रतिबद्धता जनाएका थिए ।

## अब पाँच महिना छैन विवाहको साइत



झापा(प्रस) । बिहीवार अपराह्न ५ बजेर ७ मिनेटदेखि बृहस्पति ग्रह पश्चिममा अस्त हुँदैछ। बिहीबार अस्त हुने बृहस्पति असार २२ गते आइतबार बिहान ६ बजेर ५३ मिनेटमा पूर्वमा उदय हुने पञ्चाङ्ग निर्णायक विकास समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारीले जानकारी दिए।

देवताका गुरु मानिएका बृहस्पति ग्रह अस्त हुँदा पृथ्वीमा आउने प्रभाव र फल कमजोर रहने भएकाले शुभ कार्य थालनी गर्न नहुने शास्त्रीय मान्यता छ।

बृहस्पति अस्त रहेका वेला नित्यकर्म (नियमित गरिने) र नैमित्तिक कर्म (आकस्मिक रूपमा पर्ने) गर्न हुने तर काम्य (कामना राखेर गरिने) कर्म नहुने मान्यता छ। यो अवधिमा जप, तर्पण र दनहुँ गरिने पूजा आदि नित्यकर्म रोकिँदैन। यस्तै चाडपर्व विशेषमा गरिने कर्म पनि रोकिँदैनन्। जस्तै नागपञ्चमीमा गरिने नागको पूजा, जनैपूर्णिमामा गरिने सप्तर्षिपूजा रक्षाबन्धन आदि।

नामकरण, मृत्युकर्मलगायतका नैमित्तिक कर्म पनि गर्न सकिन्छ। तर कामना राखेर गरिने गृहारम्भ, गृहप्रवेश आदिका साथै व्रतबन्ध-विवाह आदि संस्कार यो समयमा गरिँदैन। बृहस्पति र शुक्र अस्त हुनुभन्दा ३ दिनअघि र उदय भएपछि पनि ३ दिनसम्म सुतक लाग्ने बताइन्छ। यो अवधिमा पनि नयाँ धार्मिक कार्य गर्न मिल्दैन।

शुक्र ग्रह अस्त हुँदा पनि यही नियम लाग्ने अधिकारीले जानकारी दिए। मूल वैदिक परम्परामा भने बृहस्पति र शुक्र ग्रह अस्त हुँदा यस्ता निषेध नअपनाइने वैदिक पात्रोका सम्पादक प्रमोदवर्धन कौण्डिन्न्यायनले बताए।

विवाहको साइत पाँच महिनापछि मात्रै

असार २२ गते बृहस्पति उदय हुने भए पनि त्यही दिन हरिशयनी एकादशी परेको छ। हरिशयनी एकादशीमा चतुर्मास शुरु हुन्छ, जुन कार्तिक शुक्ल पूर्णिमामा पूरा हुन्छ, जुन यो वर्ष कात्तिक १५ मा परेको छ। चतुर्मासका वेला पनि व्रतबन्ध-विवाह आदिका साइत निस्किँदैन।

कात्तिकमा पनि विवाह गर्न नहुने शास्त्रीय मान्यता छ। त्यसैकारण पञ्चाङ्गमा अब मंसिर ६ गते मात्र विवाह मुहूर्त्त राखिएको छ।

## बिर्तामोडको किराना पसलमा आगलागी

झापा(प्रस) । बिर्तामोड ५ स्थित न्यूटन्स एजुकेशन एकाडेमीस्कुल नजिक किराना पसलमा आगलागी भएको छ ।

मंगलवार राति अन्दाजी ११.२५ बजे बिर्तामोड वडा न.५ स्थित न्यूटन्स एजुकेशन एकाडेमी उत्तरपट्टि बिदुर मिश्रको साढे २ तले पक्की घरको भुइँतलामा सटर कोठा भाडामा लिई शर्मिला श्रेष्ठले सञ्चालन गरेको श्रेष्ठ किराना पसलमा बिद्युत सर्ट भई आगलागी भएको हो ।

आगलागीबाट किरानाका सम्पूर्ण सरसामानहरु जलेर नष्ट हुँदा अन्दाजी १२ लाख बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय बिर्तामोडले जनाएको छ । आगलागीबारे इप्रका बिर्तामोडमा जानकारी प्राप्त हुनासाथ प्रहरी नायव निरीक्षक अशोक चौहानको कमाण्डमा ७ जनाको प्रहरी टोली, स्थानीय र बिर्तामोड नगरपालिकाको दमकलको सहयोगमा आगो राति १२ बजे पूर्णरुपमा नियन्त्रणमा आएको थियो ।

## मोहन वैद्यको स्वास्थ्य अवस्था स्थिर

झापा(प्रस) । क्रान्तिकारी माओवादीका महासचिव मोहन वैद्यको स्वास्थ्य अवस्था स्थिर रहेको छ । छातीमा समस्या देखिएपछि जेठ १५ देखि त्रिभुवन विश्वविद्यालय शिक्षण (टिचिङ) अस्पतालमा भर्ना भएका वैद्यको स्वास्थ्य स्थिर रहेको पारिवारिक स्रोतले जनाएको छ ।

उनको टिचिङ अस्पतालको आईसीयूमा उपचार भइरहेको छ । दम बढेपछि भर्ना भएका उनलाई निमोनिया देखिएको छ । 'मुख्यगरी निमोनियाको उपचार भइरहेको छ,' परिवारका एक सदस्यले भने, 'परिवारका सदस्य र केही सीमित व्यक्तिबाहेकलाई भेटघाट बन्द गरिएको छ ।'



ती सदस्यका अनुसार वैद्यलाई अझै केही दिन आईसीयूमै राखेर उपचार गर्न चिकित्सकले सुझाव दिएका छन् । डा. निरज बमको टोलीले उनको उपचार गराइरहेको छ । उपचारका लागि लाग्ने खर्च परिवार र पार्टीमा जुटाउँदै आएको ती सदस्यले बताए ।

वैद्य बिरामी भएपछि उनको पार्टी र माओवादी केन्द्रका नेता तथा कार्यकर्ताले सामाजिक सञ्जालमार्फत 'इमान्दार नेता' को रुपमा चित्रण गर्दै स्वास्थ्य सुधारको कामना गरेका छन् । माओवादीबाट २०६९ जेठमा अलग भएर वैद्यको नेतृत्वमा अर्को माओवादी गठन भएको थियो । 'जनविद्रोह'को नीति लिइरहेका वैद्य गत मंसिरमा भएको महाधिवेशनबाट महासचिवमा सर्वसम्मत भएका थिए । उनी बिरामी परेपछि कार्यवाहक महासचिवको रुपमा सीपी गजुरेलले पार्टी संचालन गर्दै आएका छन् ।

## थप चार पालिकाले दिए गर्मी विदा

झापा(प्रस) । लगातार अत्यधिक गर्मी भएपछि झापाका विभिन्न पालिकाहरुले विद्यार्थीहरुलाई गर्मी विदा दिएका छन् । बिर्तामोड, दमक र भद्रपुर नगरपालिका तथा झापा गाउँपालिकाले दुई दिनका लागि गर्मी विदा दिएका हुन् । बिर्तामोड नगरपालिकाले बुधवार एक सूचना जारी गरी बिहीवार र शुक्रवार दुई दिन पठनपाठन स्थगित गर्ने निर्णय गरिएको जनाएको छ । अत्यधिक गर्मीका कारण पठनपाठन गर्न कठिनाई भएको विभिन्न विद्यालय र अभिभावकहरुबाट माग भएपछि हिउँदे र वर्खे विदाबाट कट्टा हुने गरी दुई दिन विदा दिइएको शिक्षा शाखा प्रमुख तिलचन भण्डारीले जनाएका छन् ।

त्यस्तै दमकका प्रमुख प्रशासकीय अधिकृत गणेशराज कार्कीले सूचना जारी गरी बिहीवार र शुक्रवार विद्यालय विदा दिएको जनाएका छन् । त्यस्तै भद्रपुर नगरपालिका र झापा गाउँपालिकाले सूचना जारी गरी दुई दिनका लागि विदा दिएको जनाएका छन् ।

यसअघि कमल गाउँपालिकाले बुधवार र बिहीवार गर्मी विदा दिइसकेको छ । विद्यालयहरुले गर्मी विदा दिएपनि बुधवार पानी परेपछि गर्मी केही हदसम्म घटेको छ ।

# करणी गरी गर्भवती बनाउने राईमाथि कार्वाही माग



झापा(प्रस) । स्थानीय एक युवतीलाई जवरजस्ती करणी गरी गर्भवती बनाई फरार भएका झापा गौरादह ९ का ५० वर्षीय डिकबहादुर राईलाई पक्राउ गरी कानुनी कार्वाही गर्न पीडित परिवारले माग गरेका छन् ।

राईलाई पक्राउ गरी कानुनबमोजिम कडाभन्दा कडा कारबाही गरी पाउँ भनी युवतीका आमाले मंगलवार इलाका प्रहरी कार्यालय झिलझिलेमा जाहेरी दिएकी छन् ।

राईले गत माघ महिनाको पहिलो हप्तातिर गौरादह वडा नं. ९ झमक चोकमा ३८ वर्षीया युवतीलाई घरमा कोही नभएको मौका पारी डर त्रास देखाई पटकपटक जवर जस्ती करणी गरेका थिए । ती युवती साढे पाँच महिनाको गर्भवती रहेको जनाइएको छ । गौरादह ९ का वडाध्यक्ष उपेन्द्र निरौलाले पीडित परिवारले न्याय नपाएको गुनासो गरिरहेको बताए । उनले दोषीमाथि कानुनी कार्वाही हुनुपर्ने बताए ।

अस्थायी प्रहरी चौकी बैगुनधुराबाट प्रहरी सहायक निरीक्षक राजेन्द्रप्रसाद सुवेदीको कमाण्डमा प्रहरी टोली खटिएर राईको खोजतलास भइरहेको प्रहरीले जनाएको छ । राई मंगलवारदेखि फरार भएका हुन् ।

# मानव विकास सूचकांकमा नेपाल एक स्थान माथि

झापा । मानव विकास सूचकांक (एचडीआई) मा यस वर्ष नेपालको एक स्थान सुधार भएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) ले सार्वजनिक गरेको मानव विकास सूचकांक प्रतिवेदन २०२५ ले नेपाल १४५औं स्थानमा परेको देखाएको हो । विश्वका १९३ देशमध्ये गत वर्ष नेपाल १४६औं स्थानमा रहेकामा यस वर्ष केही सुधार भएर एक स्थान माथि उक्लेको हो । सन् २०२२ मा नेपाल १५०औं स्थानमा थियो । सन् २०२५ मा एचडीआईमा नेपालले ०.६२२ अंक (स्कोर) प्राप्त गरेको छ । सन् २०२४ मा नेपालले प्राप्त गरेको ०.६०५ अंक प्राप्त गरेको थियो । उक्त अवधिमा नेपालीको औसत आयु ७०.४ वर्ष छ । २०२५ को मानव विकास प्रतिवेदनले पछिल्लो ३५ वर्षयता नेपालको मानव विकास सूचकांकमा सुधार आएको देखाएको हो ।

सो अवधिमा गरिबी घट्दै गएको देखिए पनि धनी र गरिबबीचको अन्तर झनै फराकिलो बन्दै गएको प्रतिवेदनले औंल्याएको छ । न्यून प्रतिव्यक्ति आय, लैंगिक तथा भौतिक असमानतालगायत कारण मानव विकास सूचकांकमा नेपालले अपेक्षाकृत सुधार गर्न नसकेको प्रतिवेदनले देखाएको छ ।

सन् २०२५ को मानव विकास प्रतिवेदन 'ए म्याटर अफ च्वाइस : पिपल एन्ड पसिबिलिटिज इन द एज अफ आर्टिफिसियल इन्टेलिजेन्स- एआई' विषयमा केन्द्रित छ । प्रतिवेदनले कोभिड-१९ महामारीबाट प्रभावित विश्वव्यापी मानव विकास प्रगतिमा अझै गति सुस्त भएको चेतावनी दिएको छ । एआईको प्रयोगबाट मानव विकासलाई थप सशक्त बनाउन, समावेशितालाई प्रवर्द्धन गर्न र न्यायपूर्ण समाज स्थापनाका लागि महत्त्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना पनि प्रतिवेदनले देखाएको छ ।

प्रतिवेदन सार्वजनिक कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले नेपालले सूचना प्रविधि (आईटी) क्षेत्रको विकासलाई प्राथमिकतामा राखेको जनाए । यसअन्तर्गत एआई, डाटा सेन्टर स्थापना, डिजिटल अर्थतन्त्रलगायत क्षेत्रले प्राथमिकता पाएको उनको भनाइ छ ।

'शिक्षा, स्वास्थ्य, कृषिजस्ता क्षेत्रमा एआईलाई कसरी प्रभावकारी उपयोग गर्न सकिन्छ र यसले नेपालको उत्पादकत्व तथा नागरिक सेवा प्रवाहलाई अन्तर ाष्ट्रियस्तरमा प्रतिस्पर्धी बनाउन सकिन्छ भन्नेबारे पनि अध्ययन भइरहेको छ,' उनले भने, 'अनुसन्धान र विकास क्षेत्रमा एआईको प्रयोग बढाउने नीति लिइएको छ ।'

अबको युग एआईको रहेकाले समानुपातिक विकास सुनिश्चित गर्न राष्ट्रहरूले गर्न सक्ने विकल्पहरूबारे पनि प्रतिवेदनले औंल्याएको छ । जसमा भूगोल वा आर्थिक स्थितिलाई नहेरी सबै राष्ट्रमा समान रूपले अवसरहरू विस्तार गर्ने लक्ष्य राखिएको छ ।

मानव विकास सूचकांकमा नेपालले प्राप्त गरेको यो स्थान पछिल्ला वर्षमा मानव पुँजीमा निरन्तर गरिएको लगानी र डिजिटल रूपान्तरणको उपज भएको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयकी सचिव राधिका अर्यालले जनाइन् । 'मानव विकास सूचकांकमा भएको प्रगति, सानो भए पनि, हाम्रो मानव पुँजीमा गरिएको निरन्तर लगानी र स्वास्थ्य, शिक्षा तथा सार्वजनिक सेवा प्रवाहमा डिजिटल नवप्रवर्तनको बढ्दो भूमिकालाई झल्काउँछ,' उनले भनिन्, 'नेपालमा ९८ प्रतिशत नागरिकमा इन्टरनेट पहुँच पुगेको छ । यद्यपि डिजिटल रूपान्तरणका क्रममा सबैलाई समान अवसर भने पुऱ्याउन सकिएको छैन ।'

मानव विकास सूचकांकमा ८९ औं स्थानमा रहेर श्रीलंका दक्षिण एसियामा सबैभन्दा माथि छ । माल्दिभ्स ९३ औं, भारत १३० औं, भुटान १२५ औं, भारत र बंगलादेश समान १३० औं स्थानमा रहेको प्रतिवेदनमा उल्लेख छ ।

मानव विकास सूचकांकमा नेपाल सन् २०२० मा १४२ औं स्थानमा थियो । सन् २०१९ मा १४७ औं, सन् २०१८ मा १४७ औं, २०१५ मा १४६ औं र सन् २०१६ मा १४५ औं स्थानमा थियो । विगतमा निकै कमजोर देखिएको सूचकांकमा नेपालको मापन यस वर्ष केही सुधार भएको हो । विगत ५ दशकमा गरेको प्रगतिमा कोभिड महामारीपछि गतिरोध आएको विश्लेषण गरिएको छ । युवाका लागि मर्यादित रोजगारी, स्थानीय र सामाजिक असमानता, आर्थिक वृद्धिका साथै संस्थाहरूमाथिको विश्वाससँग सो गतिरोध सम्बन्धित रहेको यूएनडीपीले उल्लेख गरेको छ ।

तीनै तहका सरकारबीच मात्र नभई निजी क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय र आम जनतासँग पनि सहकार्य गर्नु अपरिहार्य रहेको प्रतिवेदनले जनाएको छ । संघीय सरकारले पारदर्शिता, जवाफदेहिता र निष्ठामा बढी ध्यान दिनुपर्छ । प्रादेशिक र स्थानीय सरकारहरूले योजना र सेवा प्रवाह बढाउँदै नागरिक समाजले आशा र विश्वास पुनर्जीवित गर्न जनताको सहभागिता र आवाजलाई अझ प्रवर्द्धन गर्न सकिने प्रतिवेदनले औंल्याएको छ ।

जलवायु परिवर्तन, डिजिटलीकरण, गरिबी र असमानताको क्षेत्रमा सामूहिक रूपमा काम गर्न नसक्नुले मानव विकासमा बाधा पुगेको प्रतिवेदनको निष्कर्ष छ । राजनीतिक ध्रुवीकरणले विश्वभरका मानिस र संस्थामाथिको आस्था झन् कमजोर हुने खतरा रहेको प्रतिवेदनले जनाएको छ ।

# कलवलगुरी कृषि सहकारी संस्थाको प्रशिक्षण सम्पन्न

भद्रपुर(प्रस) । भद्रपुर १० केन्द्रमोड स्थित कलवलगुरी कृषि सहकारी संस्था लिमिटेडले एक दिने सहकारी शिक्षा तथा धानको बीउ छनौट प्रशिक्षण सम्पन्न गरेको छ ।

सहकारीका सहकारी शिक्षा संयोजक चुरेन्द्र कठायतको




अध्यक्षता तथा भद्रपुर १० का कार्यवाहक वडाध्यक्ष तुलसी पोखरेलको प्रमुख आतिथ्यमा एक दिने सहकारी शिक्षा तथा बीउ छनौट प्रशिक्षण सम्पन्न गरिएको हो ।

सहकारी शिक्षा प्रशिक्षण डिल्ली दाहाल र धानको बीउ छनौट प्रशिक्षण चेतराज भण्डारीले प्रदान गरेको कार्यक्रममा सहकारीका अध्यक्ष नारायणप्रसाद चौलागाईले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए भने सञ्चालन कोषाध्यक्ष मिनबहादुर कार्कीले गरेका थिए । कार्यक्रममा ७५ जना शेयर सदस्यसहित सञ्चालक समिति तथा विभिन्न उपसमितिका संयोजकहरू सहभागी भएका थिए ।

## कोरोनाप्रति सतर्कता

# पूर्वी नाकाबाट प्रवेश गर्नेलाई जाँच गरिने

झापा(प्रस) । ६७२ जनाको मृत्यु भएको झापामा कोरोना संक्रमणप्रति सतर्कता अपनाउन थालिएको छ । भारतबाट कोरोना संक्रमितहरु प्रवेश गर्न सक्ने भएकाले पूर्वी नाका काँकरभिट्टामा रहेको हेल्थ डेस्कलाई सक्रिय बनाउँदै नाकाबाट प्रवेश गर्नेहरुलाई जाँच गरिने भएको छ । जाँच गर्नका लागि हेल्थ डेस्कमा कर्मचारी थपिएको छ । जनशक्ति थप गरिसकेपछि आवश्यक किट मगाएर एक- दुई दिनपछि स्वास्थ्य जाँच थालिने स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाराकोटीले बताए । उनले पालिकाहरुसंग किट मगाइएको जानकारी दिए । जनचेतना कार्यक्रमअन्तर्गत प्रचार प्रसार ,क्वारेन्टाइन व्यवस्थापनलगायतका कार्यक्रम पनि संचालन गर्न लागिएको उनले बताए । कोरोना संक्रमणबाट झापामा २८ हजार ९०८ जना संक्रमित भएका थिए । त्यसमध्ये ६७२ जनाको मृत्यु भएको थियो । झापामा १ लाख ३८१ जनालाई पीसीआर टेस्ट र ४२ हजार ४१० जनालाई एन्टीजेन टेस्ट गरिएको थियो ।

# चार पालिकाका हजार जनालाई विपद् सम्बन्धी अभ्यास

झापा(प्रस) । अरिदमन गण चारआली व्यारेकले "अभ्यास मनसुन-५" अन्तरगत झापाका चारवटा पालिकाका करिव एक हजार जनालाई विपद् सम्बन्धी जनचेतनासहित अभ्यास गराएको छ । विपद्बाट बढी प्रभावित हुँदै आएका दक्षिणी झापाको कचनकवल , हल्दिवारी , बाह्रदशी र झापा गाउँपालिकाका बासिन्दाहरुलाई लक्षित गरी स्थलगत रुपमै गणले विपद् सम्बन्धी अभ्यास गराएको हो । विपद्को समयमा स्थानीय स्तरमा प्राप्त हुने सामग्री र स्रोत साधनहरुको प्रयोग गर्ने तरिका, सर्पदंश तथा स्वास्थ्य सम्बन्धी जनचेतनासहित अभ्यास गराइएको अरिदमन गणका गणपति प्रमुख सेनानी प्राजु बस्न्यातले बताए ।




जेठ २३ गते कचनकवल गाउँपालिकाको वडा नं.५ पाठामारी,२५ गते हल्दिबारी गाउँपालिका २ स्थित हल्दिबारी नमुना माध्यमिक विद्यालय, २७ गते बाह्रदशी गाउँपालिका ३ स्थित राजगढ झापा सामुदायिक भवन र बुधवार जेठ २८ गते झापा गाउँपालिका वडा नं १ को झापा बजारमा सो कार्यक्रम गरिएको गणपति बस्न्यातले जानकारी दिए । स्थलगत तालिम अभ्यास दौरान गणका गणपतिसहित ३५ जना विपद् सम्बन्धी दक्ष जनशक्तिले अभ्यास गराएका थिए । अभ्यासबाट चार पालिकाका ९ सय जना स्थानीय बासिन्दा लाभान्वित भएको जनाइएको छ ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति–२०८२/०२/२९

**कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८२/०१/०२ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको मिलन एजुकेसन फाउन्डेसन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति , तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/०१/०७ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि हिमालय नमुना बोर्डिङ स्कुल झापा प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।**

## कन्काई हस्पिटलको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी

# सार्वजनिक सूचना

*प्रकाशित मिति: २०८२/०२/२२*

कोशी प्रदेश, झापा जिल्ला, विर्तामोड नगरपालिका वडा नं. ६ मा कन्काई हस्पिटल प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | कन्काई हस्पिटल प्रा.लि.<br>विर्तामोड नगरपालिका-६, कोशी प्रदेश, बुट्टाबारी झापा<br>सम्पर्क न. : ०२३-५३३८१८<br>ईमेल : kankaihospital22@gmail.com |
| **प्रस्तावको व्यहोरा** | कन्काई हस्पिटल प्रा.लि., हाल विर्तामोड नगरपालिका वडा नं. ५, झापा बाट विर्तामोड नगरपालिका वडा नं. ६ मा स्थानान्तरण एवम् १०० शैय्या क्षमतामा स्तरोन्नति गरि अस्पताल निर्माण तथा संचालनका लागि प्रस्ताव गरिएको छ।यो प्रस्ताव झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं. ६ स्थित अस्पतालको आफ्नै नाममा दर्ता कायम रहेको जग्गा (कित्ता नं ३२१३, ३२१७, ३२१५, ३२१९, र १५८०) को जम्मा १०१५८.९३ वर्ग मिटर क्षेत्रफल र लिजको जग्गा (कित्ता नं ३१५२, १५८४, १५८३, ३१५३, २८६४ र २८६५) को ३३८६.३ वर्ग मिटर गरि जम्मा १३५४५.२३ वर्ग मिटर क्षेत्रफल जग्गामा अस्पताल निर्माण तथा संचालनका लागि प्रस्ताव गरिएको छ ।<br>प्रस्तावित अस्पतालका संरचनाहरुमा तीन वटा ब्लकहरु, भूमिगत तल्ला बाहेक ७ तलाको हुनेछ ।यो अस्पताल भवनको Built up area १६३५९.८५ वर्ग मिटर र दैनिक ४०,००० लिटर भूमिगत पानिको प्रयोग हुने देखिन्छ । |
| **प्रभाव पार्न सक्ने जिल्ला/न.पा/गा.पा.** | झापा जिल्ला, विर्तामोड नगरपालिका । |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धि क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको भौतिक तथा रासायनिक प्रणाली, जैविक प्रणाली, सामाजिक—आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकि तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १० (दश) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाहरुः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कन्काई हस्पिटल प्रा.लि<br>विर्तामोड नगरपालिका-६, कोशी प्रदेश, बुट्टाबारी झापा<br>सम्पर्क न. : ०२३-५३३८१८<br>ईमेल : kankaihospital22@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | कुविर फिट प्रा. लि.<br>सूर्यविनायक नगरपालिका—८, भक्तपुर<br>इमेल : kubirfit08@gmail.com<br>सम्पर्क नं. : ९८४९३९५८०९ |

# सेवाकेन्द्रको स्थान परिवर्तन सम्बन्धी सूचना !

**प्रथम पटक प्रकाशित मिति : २०८२।२।२९**

तपशिलमा उल्लिखित सहकारी संस्थाहरू प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय कोशी प्रदेश, इनरुवा, सुनसरीबाट मिति २०८२/१/१५ गतेको एकीकरण सम्बन्धी पत्रबमोजिम इलाम नगरपालिका वडा नं. ५ मा एकीकृत संस्थाको इलाम सेवाकेन्द्र सञ्चालनको स्वीकृति प्राप्त भएकोमा इलाम नगरपालिका वडा नं. ५ र वडा नं. ७ का अधिकांश सदस्यहरूले दैनिक कारोबार र व्यापार व्यवसाय गर्ने स्थान साथै हाट बजार गर्ने स्थान पनि इलाम नगरपालिका वडा नं. ७, इलाम बजार रहेको कारण इलाम नगरपालिका वडा नं. ५ स्थित सेवाकेन्द्रबाट सेवा लिन असहज हुने भनी दैनिक बचत तथा कर्जा कारोबार गर्न, अन्य सेवाहरु लिन सहजताका लागि इलाम नगरपालिका वडा नं. ५ मा रहेको इलाम सेवाकेन्द्रलाई इलाम नगरपालिका वडा नं. ७, इलाम बजारमा इलाम सेवाकेन्द्र स्थानान्तरणका लागि निवेदन संस्थामा पेस गर्नुभएकोले संस्थाको सञ्चालक समितिको मिति २०८२ जेठ १० गते सम्पन्न २७ औं बैठकको निर्णय अनुसार सदस्यहरुको मागका आधारमा सेवा लिन सहजताका लागि इलाम नगरपालिका वडा नं. ५ मा रहेको इलाम सेवाकेन्द्रलाई इलाम नगरपालिका वडा नं. ७, इलाम बजारमा इलाम सेवाकेन्द्र स्थानान्तरणको लागि कोशी प्रदेश रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय, सुनसरीको च.नं. ८१९ (प.सं.२०८१।०८२) मिति २०८२/२/२२ गतेको स्थान परिवर्तनको पूर्व स्वीकृतिपत्र समेत प्राप्त भएकोले कुनै सदस्यको कुनै जिज्ञासा रहेमा यो सूचना प्रथमपटक प्रकाशित भएको ७ दिनभित्र सम्बन्धित संस्थामा वा रजिष्ट्रारको कार्यालयमा कारणसहितको लिखित निवेदन पेस गर्न अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | संस्थाको नाम | दर्ता नं. | संस्थाको ठेगाना | कार्यक्षेत्र | अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|
| १ | नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. (एनएमसी) | ३।१।३।३१।२०५०/०५१ | मेचीनगर-६, काँकरभिट्टा | झापा, मोरङ र इलाम जिल्ला | ठाकुरप्रसाद सिवाकोटी | ९८५२६७२७३५ |
| २ | श्री बरबोटेली चिया उत्पादक सहाकारी संस्था लि. | ३/४७०/०६७/०६८ | इलाम-५ | इलाम-७, बरबोटे | मोहनप्रसाद आचार्य | ९८६२६३३६९७ |

**एकीकरणपछि कायम हुने :**

संस्थाको नाम : नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. **(NMC-COOP)**

संस्थाको कार्यक्षेत्र : झापा, मोरङ र इलाम जिल्ला

अन्य विवरण : एकीकरण सम्बन्धी सम्झौतामा उल्लेख भएअनुसार हुने

**ठाकुरप्रसाद सिवाकोटी**
अध्यक्ष,
**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# विप्रेषण अर्थतन्त्रको लागि अस्थायी स्रोत

**नेपालको अर्थतन्त्रको महत्वपूर्ण स्रोतको रुपमा रहेको विप्रेषणको विगत १० वर्षको औसत अवस्था हेर्दा कूल गार्हस्थ्य उत्पादनमा औसत अंश २३ प्रतिशत रहेको देखिन्छ।**

**वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको आर्थिक संरचनालाई नयाँ आकार दिएको छ। यहाँबाट बाहिरिने आर्थिक रूपमा सक्रिय जनसंख्याले नेपालको विकासमा असर त गरेको छैन भन्ने कुरा सोचनीय बनेको छ। हुन त नेपालको वैदेशिक रोजगारीको इतिहास त्यति पुरानो नभएतापनि आर्थिक उदारीकरण नीतिको अवलम्बनपश्चात् यो बढ्न थालेको देखिन्छ।**

**सन् १९९० को दशकबाट तीव्र भई वैदेशिक रोजगार जाने क्रम पनि बढेको देखिन्छ। नेपालमा बार्षिक नौ लाख मानिसहरू रोजगारी खोजीको क्रममा रहेको देखिन्छ। अध्ययनअनुसार एक प्रतिशत आर्थिक वृद्धि हुँदा ०.३३ प्रतिशतले रोजगारी वृद्धि हुने गरेको देखिन्छ। तर नेपालको सवालमा रोजगारीको पर्याप्त मात्रामा सिर्जना हुन नसक्दा यूवा रोजगारीको खोजीमा विदेशिने गरेका छन्।**

**वैदेशिक रोजगारीबाट देशमा विप्रेषण आएकोले आर्थिक क्षेत्रमा भरथेग पुगेको छ। खाडीमुलुकमा जाने नेपालीहरूबाट आउने विप्रेषण गास, बास र स्वास्थ उपचारजस्ता क्षेत्रमा खर्च हुँदा रेमिट्यान्स पुँजी निर्माणमा उपयोगी हुन सकेको छैन। तथापि यो घरायसी आय र राष्ट्रिय जिडीपी वृद्धिको लागि प्रमुख स्रोत बनेको छ। यसले गर्दा रोजगारीको अवसर सिर्जना हुन नसक्दा फेरि पनि वैदेशिक रोजगारीमा जानेको संख्या बढ्ने गरेको छ।**

**विप्रेषणको नकारात्मक पक्षले युवा पुस्तालाई लामो समयसम्म परिवारबिना बाहिर बस्दा उनीहरूमा जोखिम बढ्ने गरेको र अन्ततः उनीहरूले आफ्नो मातृभूमि छोड्ने प्रवृत्ति बढेको निष्कर्ष रहेको छ। त्यसैगरी नेपाल राष्ट्र बैंकले सन् २०२३ मा प्रकाशित प्रतिवेदनअनुसार विप्रेषणका रूपमा भित्रिएको रकममध्ये दैनिक उपभोगमा मात्र ५८.७८ प्रतिशत खर्च हुने गरेको देखिएको छ भने शिक्षा तथा स्वास्थ्य क्षेत्रमा २२.४८ प्रतिशत, ऋण तिर्न १०.७ प्रतिशत र मनोरञ्जन तथा अन्य क्षेत्रमा ८.६७ प्रतिशत खर्च गर्ने गरेको पाइएको छ।**

**वैदेशिक रोजगारीबाट प्राप्त भएका धेरैजसो विप्रेषण उपभोगमा मात्र खर्च गर्ने प्रवृत्तिका कारण देशको विकासमा योगदान गर्न सक्दैन भन्ने तर्क बलियो छ। अर्कातर्फ देशको युवा जनशक्ति बाहिरिँदा उत्पादन क्षेत्रमा सत्तुचन आई उपभोग्य वस्तुहरू समेत बाहिरबाट नै आयात गर्ने अवस्था देखिन्छ। देशभित्र भित्रिएको विप्रेषणले फेरि पनि आयातलाई बढावा दिँदै आएकाले अर्थतन्त्रमा खासै योगदान गर्न सक्दैन भन्ने तर्क पनि छ। तथापि, विप्रेषण नेपाली अर्थतन्त्रको लागि अनिवार्य छ तर यो अर्थतन्त्रको लागि स्थायी स्रोत भने होइन।**

# मनसुन आउँदैछ, यी ५ सुधार गरे जोगाउन सकिन्छ जनधन



• अनिल पोखरेल

मनसुनबिनाको मानव सभ्यता कल्पना गर्न सकिँदैन। हजारौं वर्ष पहिले सुरू भएको मानव सभ्यताको निरन्तरता मनसुनले नै सम्भव भएको छ। र, मनसुनले नै यसलाई सिञ्चित गरिराखेको छ।

सभ्यतालाई जीवन्त राख्ने कृषि, खेती प्रणालीलाई मनसुनले नै जिउँदो राखेको छ।

अर्को रमाइलो कुरा, मनसुनको उत्पत्ति समयमा फेरबदल भएको छैन। यसको आरम्भ र अन्त्यमा ठूलो बदलाव छैन। अर्थात् यो अनुशासित छ भन्न सकिन्छ।

तर यसले पार्ने पानीमा केही बदलाव देखिन थालेको छ। अतिवृष्टि, अनावृष्टि, खण्डवृष्टि, अल्पवृष्टि त हामीले पहिले सुनेकै हौं। पहिले पहिले पनि ९-१० दिन झरी परेका, घरगोठ, बस्ती नै बगाएका, अफरातफी मच्चाएका कैयन दृष्टान्त हामीसँग छन्।

पछिल्लो समय मध्यम खालको वर्षा लामो समय पर्ने स्थिति थियो। अहिले हाँडीघोप्टे प्रकृतिको ठूलो वर्षा कति बेला पार्ला भन्ने भय छ। गत साल हामीले कञ्चनपुरमा देख्यौं, २४ घन्टामा ६२४ मिलिमिटर पानी पर्‍यो। एक घन्टामै १०० मिलिमिटर वर्षा पनि मापन भयो।

पहिले पहिले जेठमा कम पानी पर्थ्यो। कतैकतै त खडेरी नै लाग्थ्यो। जेठको अन्तिमतिर मनसुन सुरू हुने पहिलो १०-१५ दिन ठूलो पानी नपर्ने हुनाले असारको मध्यतिरबाट रोपाइँ सुरू हुन्थ्यो। अनि मनसुनका दुइटा उत्कर्षको समयमा ठूला भल आउँथे। असार सकिएपछि र भदौतिर यस्ता भल देखापर्थे। जनधनको क्षति र खोलानालामा आउने बाढीको अवस्थाले यो पुष्टि हुन्थ्यो।

अहिले यसमा बदलाव आएको छ।

त्यसमा प्रि-मनसुनले पनि प्रभाव पारेको छ। यस वर्ष सरदर नै पानी परेको छ। तर वैशाखदेखि नै निरन्तर पानी परेकाले जमिन भिजिसकेको छ। पानी सोस्ने तह 'स्याचुरेटेड' भइसकेको छ।

अहिले कोशीसम्म मनसुन आइपुगिसकेको छ। सरदर जुन १३ (जेठ ३०) मा मनसुन भित्रिनेमा यस पटक १५ दिनअगावै आयो। यद्यपि कोशीबाट विस्तारित भएको छैन।

केही वर्षयता मनसुन सुरू हुनेबित्तिकै घनघोर वर्षा हुन थालेको छ – २०७८ असार १ गते मेलम्ची क्षेत्रमा परेको पानी होस् या मनाङको लेते, तालगाउँ क्षेत्रमा देखिएको विपत्ति। त्यसपछिका वर्षमा देशका पूर्वी भागमा त्यस्तै घनघोर वर्षा भयो। भेलबाढी नै आयो।

यस पटक पनि मनसुन सुरू हुनेबित्तिकै पूर्वी क्षेत्रमा केही असर देखियो। ठूलै पानी पर्‍यो। धरान-धनकुटा जोड्ने सडक खण्ड लेउती खोलामा आएको गेग्रान बहावले चुँड्यो।

हामीले पटक पटक चर्चा गरिराखेका छौं, मनसुन प्रकृतिले लिएर आउँछ र योसँग विपत्ति पनि गाँसिन्छ। तर विध्वंश मानवीय कारणले आइराखेको छ। बिनाअध्ययन, बिनाजोखिम आकलन सडक खनिएका छन्। डाँडाकाँडा ताछिएका छन्। बाटो बने पनि निकास छैन, नाला छैन। खनिएको नालाको पानी व्यवस्थित हिसाबले तर्काइएको छैन। पानीको प्राकृतिक बाटो बिथोलेका छौं।

यस्तो अवस्थामा अतिवृष्टि शैलीको पानी पर्न थाल्यो भने विनाश पनि कल्पनातीत हुन्छ। अघिल्लो वर्ष रोशी किनार क्षेत्रमा त्यस्तै देखियो। त्यहाँ पानीसँगै बाढीमा प्रशस्त पाँगो माटो र गेग्रानको मात्रा थियो जसले ठूलो विध्वंश सिर्जना गर्‍यो।

यस्ता विध्वंशबाट हुने क्षति न्यूनीकरणका लागि हामीले पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउँछौं। यसलाई हामी प्रतिकार्य योजनाको सिकाइ पनि भन्न सक्छौं। यो सिकाइलाई एसियाकै नमूना सिकाइका रूपमा मानिन्छ।

यस कारण हामी मनसुनको पूर्वतयारीलाई अति संवेदनशील कार्यका रूपमा लिन्छौं। विधिवत तरिकाले बहस, विमर्श गर्छौं। विपद न्यूनीकरण सामूहिक प्रत्यत्नबाट मात्रै सम्भव भएकाले सबै मन्त्रालयलाई संलग्न गराउँछौं, संवेदनशील बनाउँछौं। जबाफदेयिता खोज्छौं। यस्तो कार्य पनि विधिवत हुन्छ।

राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले नै यो व्यवस्था गरेको छ। यसलाई संयोजन गर्ने काम नेपाल सरकारको राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गर्छ।

मन्त्रालयगत रूपमा योजना तर्जुमा गर्ने, त्यसलाई एकीकृत गर्ने र स्थूलीकरण गर्ने कार्य गरिसकेपछि कार्यकारी समितिको बैठकबाट पारित गर्छौं। संघमा मात्रै होइन, तहगत निकायहरूमा पनि यसै गरी प्रतिकार्य योजना बन्छ। प्रदेश सरकार, स्थानीय तहले पनि आआफ्ना योजना बनाउँछन्। जहाँजहाँ बढी प्रभावित हुने आकलन गरिएको छ – सरदरभन्दा बढी पानी पर्ने, बाढी-पहिरो लगायत मनसुनजन्य विपत्ति आउने विपद संवेदनशील जिल्ला छन्, ती जिल्लाले पनि योजना बनाउने गरेका छन्।

पछिल्लो केही वर्ष, हाम्रो तीनै तहका सरकारको प्रतिकार्यको तयारी, उद्दार तथा राहत सामग्री, जनशक्ति तम्तयार बनाउने, विपद प्रतिकार्यमा खटिने जनशक्तिलाई तालिम दिने आदि कार्यले यसबारे चासो बढाएको छ। बहस र विमर्शलाई झन् फराकिलो बनाउँदै लगेको छ।

नेपालको यो मोडललाई बंगलादेशले पनि अनुशरण गर्न खोजेको छ। हाम्रो प्रतिकार्यको योजनाबारे उनीहरूले चासो राखेको, छलफल गर्न खोजेको हामीले पाएका छौं। बंगलादेशमा मनसुनजन्य विपत्तिका घटना भइराख्छन्। मानिसहरूको हताहती हुन्छ। तथापि त्यससँग जुध्ने र मानिसहरू बचाउने पूर्वतयारी त्यहाँ हुँदो रहेनछ।

हामीले राम्रो मोडल बनाउन र कार्यान्वयन गर्न थालेका छौं। प्राधिकरणले नै यसको संयोजन गरिरहेको छ।

प्राधिकरण बन्नुपूर्व विभिन्न दातृ निकायको आआफ्नो तरिका र योजना हुन्थ्यो। नेपाल सरकारको पनि आफ्नै बन्थ्यो। तर दातृ निकाय र सरकारको तयारीको तारतम्य, तालमेल नमिल्ने हुन्थ्यो। फलतः सफल नहुने समस्या थियो।

त्यसैले सात वर्षअगाडि, प्राधिकरण बनेकै बेला हामीले एकीकृत कार्ययोजना बन्नुपर्छ भन्यौं। संघ, प्रदेश र स्थानीय तह समेतको एकीकृत कार्ययोजना बनाउन सक्यौं भने मनसुनको नकारात्मक आयाम चिर्न सकिन्छ भन्ने निष्कर्ष निकाल्यौं। यसबाट मानवीय क्षति न्यूनीकरण गर्न सकिन्छ भन्ने विश्वास थियो।

जनधन, जायजेथा, पशु, चौपाया नष्ट हुने अवस्थाबाट छुटकारा पाउन हामीले संयुक्त रूपमा काम गर्‍यौं।

हामीले काम त गरेका थियौं तर यसको जाँच जरूरी थियो। कतिपय सन्दर्भ र अवस्थामा हामी कहाँ छौं भन्ने थाहा हुन पनि यस्तो जाँच जरूरी हुन्छ। त्यो थाहा भयो भने योजना तर्जुमा र कार्यान्वयनमा अपेक्षित सुधार ल्याउन र प्रगति हासिल गर्न सकिन्छ।

हामीले विपद प्रतिकार्यमा हाम्रो तयारी नाप्ने आधार के के छन् भनेर खोज्यौं। राज्य वा तहगत निकायले गर्ने पूर्वतयारी मापन गर्ने विधि बनेको रहेछ। विश्वका कतिपय देशले यस्तो प्रणाली चलनचल्तीमा ल्याएर सुधार गरेका पनि रहेछन्।

उनीहरूले 'इमरजेन्सी प्रिपेयरनेस फर रेस्पोन्स' (इपिआर) मोडल अपनाएका रहेछन्। त्यही विधिभित्र पसेर हामीले हाम्रो कामको जाँचपड्ताल गर्‍यौं।

सुरूमा हामीले राज्यले कत्तिको पूर्वतयारी गरेको छ भनेर मूल्यांकन गर्‍यौं। देशव्यापी परिणाम सन्तोषजनक देखिएन। हाम्रो अवस्था १०० मा ३९ रहेछ। यसले देखायो, ठूला विपत्ति सम्हाल्न हामीलाई मुस्किल हुने रहेछ।

समग्र राज्यको अवस्था बुझिसकेपछि हामीले यही इपिआर विधिलाई स्थानीयकरण गर्‍यौं। पालिकाहरूको सामर्थ्य मापन गर्‍यौं। मनसुनजन्य घटना बढी हुने, पानी बढी पर्ने, पहिरो संवेदनशीलता बढी भएका ठाउँका पालिकाहरूमा विपद पूर्वतयारीबारे जाँडपड्ताल गरेका थियौं। काठमाडौंका केही पालिकाको परिणाम सन्तोषजनक देखिए पनि दूरदराजको अवस्था उदेकलाग्दो नै देखियो। त्यहाँ त १०० मा १४ प्राप्तांक देखियो। बढी भनिएको नै २४ पो देखियो।

यसको संकेत पालिकास्तरमा विपद पूर्वतयारीको सचेतना नै पुगेकै रहेनछ भन्ने पनि हो। पूर्वतयारीलाई उनीहरूले प्राथमिकतामा राखेकै रहेनछन्।

अहिले हुम्लाकै हिमबाढीलाई नै हेरौं। तिलगाउँमा १८-२० घर थिए, ३३ जनाजति परिवार थिए। भेलबाढी जान्छ भन्ने सुरूमै थाहा हुने कुरा भएन। तर विपद पूर्वतयारी हुन्थ्यो भने घटना हुनेबित्तिकै उद्धार र राहतमा जुट्न सकिन्थ्यो। वडा र पालिकालाई परिचालन गर्न सकिन्थ्यो। प्रदेश र संघ सरकारको मुख ताक्नुपर्ने अवस्था बन्दैनथ्यो।

यो घटनाले पनि हामीलाई भन्छ, विपद पूर्वतयारी काठमाडौंमा मात्रै गरेर हुँदैन। स्थानीयकरण गर्न जरूरी छ। क्षति दूरदराजमा हुन्छ भने तयारी पनि विकेन्द्रीकृत गर्नैपर्छ। यसो भए मात्र क्षति न्यूनीकरण गर्न सकिन्छ।

केही पालिकामा प्राधिकरणको नेतृत्वमा, नेपाल सरकारकै पैसा प्रयोग गरेर अध्ययन, मूल्यांकन गरेका थियौं। केहीमा विभिन्न दातृ निकाय, संघसंस्था; युएन, आइओएम, युएनएचसिआर लगायतसँग मिलेर हामीले उक्त काम गरेका थियौं।

यो अध्ययनबाट हामीले के पनि थाहा पायौं भनेर इपिआर स्कोर बढाउनु धेरै जटिल काम होइन। धेरै खर्च लाग्ने पनि होइन। केही पालिकामा त ४०-५० लाख रूपैयाँ खर्च गर्ने हो भने पनि स्कोर बढाउन सकिन्छ। पालिकामा राख्नुपर्ने विपद प्रतिकार्य उपकरण, स्वयंसेवक लगायत जनशक्ति आदिको व्यवस्थापन गर्ने हो भने अवस्थमा सुधार देखापरिहाल्छ।

यही सन्दर्भमा अर्को कुरा पनि भनौं।

संघीय तहमा कार्यकारी समितिले मनसुन पूर्वतयारीको योजना बनाउने तरिका मौलिक छ। यसमा हामी सबै मन्त्रालयलाई संलग्न गराउँछौं। विपद पूर्वतयारीको योजनामा संघ-संस्थाहरू, गैरसरकारी संस्था, निजी क्षेत्रलाई पनि समावेश गर्छौं। केही दिनअघि ऱ्याफ्टिङ व्यवसायीसँग पनि छलफल भएको थियो। आवश्यक पर्दा ऱ्याफ्टिङ व्यवसायीबाट पनि सहायता लिने गरी योजना बनाइएको छ यो मनसुन याममा।

गत वर्ष त विभिन्न राजनीतिक दलका प्रतिनिधिसँग पनि छलफल गरेका थियौं। ठूलो आपतविपद पर्दा उनीहरूले पनि स्वयंसेवक खटाउन सक्छन्। गोरखा, जाजरकोट भूकम्प, बाराको आँधी आदिमा राजनीतिक दलले स्वयंसेवक खटाएका अनुभव हामीसँग छन्। यस्तो खालको अनुभव बंगलादेशमा पनि छैन। अरू देशमा पनि हामीले देखेका छैनौं।

पछिल्लो समय मनसुनजन्य विपदको जोखिम बढ्दो छ।

यस वर्ष पनि जल तथा मौसम विज्ञान विभागले तापक्रम र वर्षा दुवै बढी हुने प्रक्षेपण गरेको छ। राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस वर्षको मनसुनबाट करिब २० लाख नागरिक प्रभावित हुने आकलन गरेको छ। तापक्रम र वर्षा पनि सरदरभन्दा ६५ प्रतिशतसम्म बढी हुने भनेपछि बाढी, पहिरो, डुबान, कटानका समस्या स्वाभाविक नै छन्।

अझ डराउनुपर्ने कुरा त, यस पटक हिमाली क्षेत्रमा पनि वर्षा र तापक्रम दुवै बढी हुने आकलन छ। त्यस कारण हिमताल विस्फोटन, हिमपहिरो र भेलबाढीको जोखिम रहन्छ। यस कारण हामी बढी चनाखो हुनुपर्छ।

यहाँ मैले हामीले गर्नुपर्ने पाँच सुधारबारे चर्चा गरेको छु।

**१. राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना**

हामीकहाँ राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना भएको छैन। धेरैलाई भ्रम हुनसक्छ – यस्तो केन्द्र त हुनुपर्ने हो। बेलाबेला यसको चर्चा भइरहन्छ त!

बेलायत सरकार र युएनडिपी समेतको सहयोग लिएर हामीले एउटा सानो टहरो बनाएका छौं। वास्तवमै त्यो टहरो मात्रै छ। एक-दुई थान केही उपकरण होलान्। एक जना उपसचिवको नेतृत्वमा केही कर्मचारी पनि छन्। अधिकांश गृह मन्त्रालयकै कर्मचारी छन्। तर त्यो सञ्चालनमा छैन।

विश्वव्यापी मापदण्डका हिसाबले हेर्ने हो भने पनि अहिलेको यो संरचना, कार्यशैली एकदमै कमजोर छ। मैले यसबीच ३०-३२ वटा देशको अभ्यास, स्रोतसाधन हेरेको छु। यस आधारमा भन्दा हामीसँग भएको केन्द्र पालिका तहमा हुनुपर्ने संरचनाभन्दा पनि कमजोर छ।

प्राधिकरणको ओएनएम सर्भे (कार्यालयहरूको कर्मचारीहरूको संगठन तथा व्यवस्थापन) गर्दा,

❖ बाँकी तेस्रो पृष्ठमा



Pratidin National Daily
प्रतिदिन
तपाईं जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# प्रशासनिक कानुनका अन्तर्वस्तु



• पुण्यप्रसाद भट्टराई

राजनीतिक प्रणालीमा आउने परिवर्तन जनस्वीकार्यताबिना अपूर्ण मानिन्छ । यसको अनुमोदन मुख्यतः प्रशासनिक प्रणालीको विन्यास तथा स्थानीय एकाइको आर्थिक-सामाजिक विविधता अनुरूप गरिने प्रशासनिक प्रणालीको अनुकूलनमा निर्भर गर्छ । यसका लागि राजनीतिक प्रणालीको गहन बुझाइ र त्यसप्रति अपनत्वको भावना जागृत गर्न राजनीतिक नेतृत्वले अग्रसरता लिनु अपरिहार्य हुन्छ । समय, काल र परिस्थितिसँगै जनताका परिष्कृत, अन्तर्राष्ट्रिय परिवेशबाट संश्लेषित र परिवर्तित मान्यतालाई आत्मसात् गर्दै, त्यसको परामर्श र मार्गदर्शनसहितको नेतृत्व राजनीतिले प्रदान गर्नु पर्छ । यस प्रक्रियामा पूर्वविज्ञ कर्मचारी, नागरिक समाजले समेत मह□वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । विकसित विश्वमा राजनीतिक नेतृत्वको दृष्टिकोणगत परिवर्तनले तत्कालीन समयमा प्रशासनिक विन्यासमार्फत एउटा नयाँ सैद्धान्तिक र व्यावसायिक मार्ग स्थापित गरेको देखिन्छ ।

रेगन र थ्याचरको समकालीन अवधिलाई विशेष महत्वका साथ विश्लेषण गर्न उचित हुन्छ । त्यसै गरी पेन्डल्टन ऐनको सन्दर्भमा, तत्कालीन शासकको बुझाइ र तिनको मार्गदर्शनलाई समेत आधार मान्न सकिन्छ । सिङ्गापुरमा ली क्वान युद्वारा सन् १९६० को दशकमा गरिएको प्रशासनिक सुधारसम्बन्धी हस्तक्षेप एउटा ज्वलन्त उदाहरण हो । यसका अतिरिक्त, सन् १९९० को दशकपश्चात् विशेषज्ञको सुझावमा नयाँ सार्वजनिक शासनको विस्तार जस्ता कार्य तत्कालीन नेतृत्वको दूरदृष्टिपूर्ण बुझाइका द्योतक हुन् ।

नेपालको सन्दर्भमा हेर्दा, विसं २००९ मा गठित बुच आयोग गठन भई त्यसले दिएको प्रतिवेदन आंशिक कार्यान्वयन भयो । टङ्कप्रसाद आचार्यको सुधार आयोग र त्यसका अधिकांश सिफारिस कार्यान्वयन तत्कालीन सामाजिक बुझाइको स्तर, स्रोतसाधनको सीमितता र प्राविधिक विकासको अवस्थासँग तुलनात्मक अध्ययन गर्दा अग्रगामी र कार्यान्वयनको दृष्टिकोणले सफल देखिन्छ ।

बुच आयोग र टङ्कप्रसाद आचार्य आयोगले केही हदसम्म तत्कालीन आवश्यकता सम्बोधन गरे पनि, तत्पश्चात्का आयोगको सिफारिस समयसापेक्ष रूपमा प्रभावकारी देखिएनन् । गिरिजाप्रसाद कोइराला आयोगका सिफारिस पनि कार्यान्वयनमा प्रभावकारी देखिएको विश्लेषण गरिन्छ । सङ्घीयतापछि गरिएका प्रशासनिक सुधारका प्रयासलाई भने सकारात्मक मूल्याङ्कन गर्न सक्ने आधार निर्माण हुन सकेको छैन ।

सङ्घीयताले परिकल्पना गरेको मार्गचित्रसँग कार्यशैलीमा तालमेल हुन नसक्दा यसप्रति असन्तुष्टि देखिएका हुन् । सङ्घीयतासहितको राजनीतिक प्रणालीको विन्यास भएको करिब दुई दशकमा पनि सो अनुकूलको प्रशासनिक सिद्धान्त र रूपरेखा तयार हुन नसक्दा व्यवस्थाप्रति प्रश्न उठ्ने ठाउँ भयो । यसबिचमा राजनीति, विज्ञसमूह र समाजले प्रशासनप्रति गरेको अपेक्षा र प्रदर्शित व्यवहार राजनीतिक परिवर्तनसापेक्ष देखिँदैन । सरुवा र पदस्थापनमा गरिएको हस्तक्षेप, कर्मचारी ट्रेड युनियनप्रति देखाइएको सदाशयता र त्यसको न्यानोपनाको उपयोग राजनीतिले प्रशासनिक परिवर्तनप्रति दर्शाएको पहिलो दृष्टिकोण हो । त्योभन्दा महत्वपूर्ण प्रशासनिक मार्गदर्शनसहितको कानुनी प्रावधान तयारीमा भएको विलम्बलाई कसरी मूल्याङ्कन र परिभाषित गर्ने भन्ने जिम्मा स्वतन्त्र अन्वेषकलाई छाडिदिउँ ।

पूर्वविज्ञ कर्मचारी र विज्ञ समाजले प्रशासनिक सुधारको वस्तुपरक ढङ्गबाट सुझाव दिएको देखिएन । सुधारका सुझाव पनि बढी एकाडेमिक र विज्ञता प्रदर्शनसहितका भए । व्यवस्थापनका आधुनिक सिद्धान्तका क्रोनोलोजी र मानव सम्बन्ध सिद्धान्तदेखि 'न्यु पब्लिक प्यासन' सम्म बुझेको छु भन्नेहरूको आलेख र भाषणमा कर्मचारी 'जनताको करबाट पालित पोषित' भन्ने वाक्यबाट सुरु भएको देखियो । प्रशासनिक भूमिकाबाट बाहिरिनेबित्तिकै नयाँ नियुक्ति लिने अभिप्रायले राजनीति र समाजको वर्गसँग साखुल्ले हुने किसिमका अभिव्यक्तिले अग्रगामी भइन्छ भन्ने आदर्श मान्यता जबरजस्त स्थापित गर्ने कोसिस गरिँदै छ ।

भर्खरै सामाजिक सञ्जालमा एउटा भिडियो भाइरल भयो । जसमा एक जना वरिष्ठ उपसचिवलाई शनिबार सरकारी मोटरसाइकल कुदाएको एक जना व्यक्तिले देखे । ती कर्मचारीले अनुमतिसहितको मोटरसाइकल लिएर कार्यालय गएको भनेपछि ती अनुगमनकारी भन्न रुचाउने व्यक्ति थोरै नरम भए । सामाजिक सञ्जालमा यसका पक्ष विपक्षमा बहस भए ।


आधुनिक समाजमा सवारी खाना जत्तिकै अनिवार्य छ । कर्मचारीको यात्रामा सवारीमा हुने खर्चलाई यति धेरै महत्वका साथ हेरिँदा उनीहरूले दिने सेवा प्रवाहमा कस्तो असर पर्ला भनेर विज्ञ समूह र राजनीतिले बुझेर सो अनुरूपको नीतिगत हस्तक्षेप लिन सकेको देखिन्न । नागरिकको निगरानी उत्तरआधुनिक प्रशासनको एक महत्वपूर्ण पक्ष हो । त्यसलाई आफू त्यस सेवामा समाहित हुन नसकेको तुष जसरी व्यवहार गरिनु कर्मचारीको मनोबल कमजोर पार्नेभन्दा बढी केही होइन । दिनमा कति सवारी अनुमति लिएर चलाइएका छन् । तिनीहरूको उत्पादकत्व कति भयो । यसको नीतिगत र प्रभावकारी सम्बोधन कसरी हुन सक्छ भनेर विज्ञ समूहले खोज्ने र राजनीतिले त्यसलाई कानुनी ढङ्गबाट प्रणालीबद्ध गर्नुपर्ने हो तर नागरिकको असन्तुष्टिको दृष्टिकोणबाट मूल्याङ्कन गर्नेभन्दा पनि उही 'पालित पोषित' भन्ने मनसायबाट विश्लेषण भएको पाइन्छ ।

लामो रस्साकस्सीपछि संसद्मा प्रवेश गर्न लागेको प्रशासनिक मार्गदर्शनको सङ्घीय निजामती कानुनमा पनि माथि उल्लिखित दृष्टिकोणबाट बहस हुन सकेको देखिन्न । यसमा गहन विश्लेषण गरिनुपर्ने विषय धेरै छन् । महत्वपूर्ण पक्ष भनेको राजनीतिबाट प्रशासनलाई कसरी अलग गर्ने भन्ने हो । त्यहाँ ट्रेड युनियनको खारेजी वा निरन्तरतामा मात्र बहस भयो । ट्रेड युनियनको खारेजीले मात्र प्रशासनबाट राजनीति हट्दैन । ट्रेड युनियन अधिकार पाएका भन्दा धेरै राजनीति त्योभन्दा माथिल्लो पदबाट भएको छ ।

हालसम्म प्रदेश र स्थानीय तहले विभिन्न कानुन बनाएर मनखुसी काम गरेका छन् । तिनीहरूलाई मूल कानुनले कसरी आत्मसात् वा समायोजन गर्ने वा नगर्दा कस्ता आार्थिक र प्रशासनिक समस्या आउँछन् भन्ने

❖ बाँकी तेस्रो पृष्ठमा

# विद्यालय विपत्त व्यवस्थापनः नियम, आवश्यकता र अभ्यास



• **युवराज कट्टेल**

नेपाल प्राकृतिक तथा मानवजन्य विपत्तिहरूको उच्च जोखिममा रहेको मुलुक हो। यहाँ प्रायः भूकम्प, बाढी, पहिरो, आगलागी, महामारीजस्ता विपत्तिहरू आउने गर्छन्। यस्ता विपत्तिहरूले विशेषगरी बालबालिकाका लागि ठूलो खतरा निम्त्याउँछ, जसले गर्दा विद्यालयमा सुरक्षित वातावरण निर्माण गर्नु अपरिहार्य हुन्छ। यही आवश्यकता पूरा गर्न विद्यालय विपत्त व्यवस्थापनलाई अनिवार्य रूपमा विद्यालयको नियमित प्रणालीभित्र समावेश गर्नुपर्ने आवश्यकता बढेको छ।

नेपाल सरकारले "विद्यालय सुरक्षा नीति, २०७३" र "विद्यालय सुरक्षा कार्ययोजना, २०७५" मार्फत विद्यालय विपत्त व्यवस्थापन सम्बन्धी स्पष्ट मार्गनिर्देशन गरेको छाविपत्तिपूर्व पूर्वतयारी, जोखिम न्यूनीकरण, आपतकालीन प्रतिक्रिया र विपत्तिपश्चात पुनर्स्थापना कार्यहरूलाई स्पष्ट रूपमा उल्लेख गरिएको छ।

विद्यालय विपत्त व्यवस्थापन नियम र प्रक्रिया

**१. जोखिमको पहिचान र मूल्यात्तन**
विद्यालयले पहिलो चरणमा आफ्नो भौगोलिक, भौतिक र सामाजिक अवस्थालाई आधार मानी सम्भावित जोखिमहरूको पहिचान गर्नुपर्छ। उदाहरणका लागि, पहाडी क्षेत्रमा पहिरोको जोखिम बढी हुन्छ भने शहरी क्षेत्रमा आगलागी र भूकम्पको जोखिम बढी हुन्छ।बढ्दो तापमान ,अधिक वर्षा,अत्याधिक चिसो भएको समयमा कसरी सिकाई प्रक्रिया अगाडी बढाउने जस्ता विषयको कसरी व्यवस्थापन गर्ने।

**२. विपत्त व्यवस्थापन समिति गठन**
पालिका स्तरमा विद्यालयमा विपत्त व्यवस्थापन गर्न समन्वय समिती गठन गरि आईपरेका विपत्तहरुको व्यवस्थापन गर्न सहयोग पुग्नेछ। हरेक विद्यालयले विपत्त व्यवस्थापन समिति गठन गर्नु अनिवार्य हुन्छ। समितिमा प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यार्थी प्रतिनिधि, स्वास्थ्यकर्मी र स्थानीय निकायका प्रतिनिधिहरू समावेश गरिन्छ। यस समितिले योजना निर्माणदेखि कार्यान्वयनसम्मको जिम्मेवारी लिन्छ।

**३. पूर्वतयारी र सचेतना कार्यक्रम**
सम्भावित विपत्तिहरूको जोखिम कम गर्न विद्यालयमा नियमित रूपमा सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ। भूकम्प, आगलागी र अन्य विपत्तिबाट जोगिन अभ्यास (ड्रिल) गराउने, प्राथमिक उपचार तालिम दिने, आपतकालीन निकासी योजना बनाउने, सुरक्षित निकासी मार्ग सुनिश्चित गर्ने जस्ता कामहरू गर्नुपर्छ।

**४. भौतिक पूर्वाधारको सुरक्षा**
विद्यालय भवन भूकम्प प्रतिरोधी हुनुपर्छ। आगो निभाउने यन्त्र (ाष्चभ भहतष्लनगष्कजभच), प्राथमिक उपचार बक्स, आपतकालीन साइरनजस्ता उपकरणहरू अनिवार्य रूपमा जडान गरिनुपर्छ। विद्यालयको प्रवेश र निकासी मार्ग सधैं खुला र सुरक्षित रहनुपर्छ।

**५. आपतकालीन सम्पर्क योजना**
विपत्तिको बेलामा तुरुन्त सम्पर्क गर्न मिल्ने प्रहरी, दमकल, एम्बुलेन्स, स्वास्थ्य संस्था, पालिका कार्यालय आदिको सम्पर्क नम्बर विद्यालयमा प्रष्ट टाँसिनुपर्छ।

**६. पुनर्स्थापना र परामर्श सेवा**
विपत्तिपश्चात् विद्यार्थी र शिक्षकहरूमा मनोसामाजिक असर पर्न सक्छ। त्यसकारण मनोसामाजिक परामर्श र पुनर्स्थापनाका कार्यक्रमहरू सञ्चालन गर्नु जरुरी हुन्छ।

कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ३९ मा बालबालिकाको हकको संरक्षण सुनिश्चित गरिएको छ। साथै, विद्यालय शिक्षा ऐन, २०२८ र विद्यालय सुरक्षा नीति, २०७३ मा समेत बालबालिकालाई सुरक्षित सिकाइ वातावरणमा शिक्षा दिनुपर्ने व्यवस्था गरिएको छ। यिनै कानुनी आधारमा विद्यालयहरूलाई विपत्त व्यवस्थापन योजना बनाउने, अभ्यास गर्ने र अद्यावधिक राख्ने दायित्व दिइएको छ।
विद्यालय विपत्त व्यवस्थापन केवल औपचारिक कागजात होइन, यो विद्यार्थीहरूको ज्यान र भविष्य सुरक्षित राख्ने महत्वपूर्ण उपकरण हो। नियमित अभ्यास, सचेतना, पूर्वतयारी र सशक्त व्यवस्थापनमार्फत मात्र विद्यालयलाई सुरक्षित सिकाइ स्थल बनाइन्छ। यस विषयमा राज्य, विद्यालय प्रशासन, शिक्षक, अभिभावक र विद्यार्थी सबैको सहकार्य अपरिहार्य छ। हरेक स्थानीय तहहरुमा विपत्त व्यवस्थापन सयन्त्रको प्रभावकारी परिचालन र व्यवस्थापन गरि अगाडि बढाई बालबालिकाहरुको सिकाई क्षति कम गर्न सकिन्छ ।

*(लेखक कट्टेल नेपाल शिक्षक महासंघ बिर्तामोडका अध्यक्ष हुन् । )*

## मनसुन...

गृह मन्त्रालयमा भएको विपद व्यवस्थापन महाशाखा बन्द गर्ने सर्तमा यतापट्टिको ओएनएम पारित गरिएको थियो। तर गृह मन्त्रालयमा भएको संरचना बन्द गरिएन। बरू समानान्तर संरचना खडा गरियो।

राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण ऐनअन्तर्गत स्थापना हुनुपर्ने थियो। तर भएको एउटा टहरो पनि प्राधिकरणलाई हस्तान्तरण गरिनुपर्नेमा अहिले पनि गृहले ओगटेर राखेको छ। कब्जा नै जमाएको छ भन्दा हुन्छ।

मनसुनको बेलामा कमान्ड प्रणाली सञ्चालन गर्ने ठाउँ नै राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र हो। हामीकहाँ त्यो प्रणाली नै छैन। सबैभन्दा ठूलो दयनीय अवस्था यो हो।

विगतमा विभिन्न पटक आवाज उठाएकाले ओएनएमबाट त्यसलाई हटाइएको छ। तर अरूलाई देखाउन कोष्ठकभित्र लगेर राखिएको छ, यही राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र हो भनिएको छ। यो ऐनको बर्खिलाप नै हो।

यो काम गर्न त्यति ठूलो समस्या छैन। गृहमन्त्रीको एक आदेशले यस्तो केन्द्र बन्न सक्छ। व्यक्तिगत लाभ-हानि सोचिरहेका, गलत मनसाय भएका, अन्य केही चिजबाट प्रभावित भएकाहरूले केन्द्र स्थापना हुन अड्काइरहेका छन्। गृह मन्त्रालयमा अझै पनि पुरानो सोच, चिन्तनको धङधडी छ। त्यसलाई अन्त्य गर्न जरूरी छ।

**२. आपतकालीन गोदामघर प्राधिकरण मातहत ल्याऔं**

इतिहास केलाउने हो भने नेपालमा विपद पूर्वतयारी प्राचीन समयदेखि नै हुन्थ्यो। धर्मभकारी त्यही प्रयोजनका लागि स्थापना गरिएको हो। कतिपय ठाउँ, समुदायमा यो अद्यापि अस्तित्वमा छ।

राणा काल र त्यसअघि पनि मुठ्ठी दान गरेर धर्मभकारी खडा गर्ने र आपतविपद पर्दा उपयोग गर्ने चलन थियो। अहिले पनि कतिपय ठाउँमा होलान्। भोलिका लागि सञ्चित गर्ने, विपदका लागि जोहो गर्ने, आगलागी भएमा, गरिबगुरूवा आएमा दिने चलन त हामीले सुनेकै छौं नि।

हामीले यसैलाई आधुनिकीकरण गर्न खोजेका छौं। अहिले हामीले त्यसलाई आपतकालीन गोदामघर भनेका छौं। यो कसरी सञ्चालन गर्ने भन्ने कुनै थिति, विधि, कार्यरूप थिएन। गृह मन्त्रालय, अरू सरोकारवाला निकाय, दातृ निकायसमेत मिलेर सघन छलफल गर्दै झन्डै दुई वर्ष लगाएर गोदामघर सञ्चालन कार्यविधि बनायौं। तर यसको कार्यान्वयनमा ढिलासुस्ती छ।

सात वटामध्ये चार वटा गोदामघर; कोशी, कर्णाली, सुदूरपश्चिम, गण्डकी प्रदेशमा हस्तान्तरण भएको छ। बागमती, मधेस र लुम्बिनीको छैन। यी गोदामघरलाई प्रदेशमै राख्नुपर्ने प्रबन्ध ऐनमा छ।

जाजरकोटमा भूकम्प जाँदा सुर्खेतमा भएको गोदामघरको ताल्चा १० दिनसम्म पनि खुलेन। भूकम्प प्रभावितहरू भोकभोकै मर्ने अवस्था आयो। सरकारमाथि प्रश्न उठ्यो। तर कार्यविधि नहुँदा ढोका खोल्न सकिएन। त्यसैले अहिलेकै कार्यविधि अनुसार यो गोदामघर प्राधिकरणलाई हस्तान्तरण गर्न जरूरी छ।

तीनै तहका सरकार, रेडक्रस लगायत अरू सामाजिक संघ-संस्था दातृ निकायसँग के कति सामग्री, उपकरण छन्, कुन हालतमा, कहाँ छन्, त्यसको एकीकृत तथ्यांक, जानकारी राज्यको एकीकृत प्रणालीमा आउनुपर्छ। प्राधिकरणले त्यो परिचालन गर्न पाउनुपर्छ।

कार्यविधि बनाएर कार्यान्वयन नगरेकैले, गृह मन्त्रालयले यसको गाम्भीर्यता नबुझेकैले गत उद्धार र राहत ढिलाइ भएको छ।

टिप्पणी, आदेश र चिठ्ठीको बाटो हिंड्ने प्रणालीबाट हामी तत्काल 'रेस्पोन्सिभ' प्रणालीमा जान अपरिहार्य भइसकेको छ। नत्र एक ठाउँमा आगो लाग्छ, टिप्पणी र आदेश कुर्दाकुर्दै टोलै खाक भइसक्छ।

'क्विक रेस्पोन्सिभ' प्रणालीमा जानबाट रोक्नु अपराध गर्नु सो सरह हो, अख्तियारको दुरूपयोग हो भनेर बुझ्न जरूरी छ। त्यसैले यो हस्तान्तरण गर्ने कार्य तत्काल गर्नुपर्छ।

संविधानको अनुसूचीमा विपद व्यवस्थापन स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र पर्छ। अतः पालिकाले आफै गोदामघर बनाउन जरूरी छ।

**३. विपद प्रतिकार्यमा जुट्न एकीकृत स्वयंसेवक दस्ता बनाऔं, स्थानीय तहलाई परिचालन गर्न दिऔं**

विपद व्यवस्थापनमा सुरक्षा निकायको अहम् भूमिका हुन्छ। नेपाली सेना, सशस्त्र र जनपद प्रहरी परिचालित हुन्छन्। यसका अतिरिक्त स्वयंसेवकको भूमिका पनि हुन्छ।

यसका लागि हामीले गाउँठाउँमा, टोलबजारमा राजनीतिक दलका नेता-कार्यकर्ता, युवा-विद्यार्थी, भूतपूर्व सेना, प्रहरी आदिलाई विपद व्यवस्थापन तालिम दिन सक्छौं। उनीहरूलाई स्वयंसेवकका रूपमा तयार पार्न सक्छौं। यसो गर्‍यौं भने उद्धार र राहतमा परिचालन गर्न सहज हुन्छ। परिणाम पनि निस्किन्छ।

ठूला प्रकोप, बाढी, पहिरो आदिमा राज्यका सुरक्षा अंग परिचालित गर्नुपर्छ तर सुरक्षा निकाय पुनुअगावै स्वयंसेवक परिचालन गरेर उद्धार व्यवस्थित गर्न सकिन्छ। यसो गर्न सके विपदबाट हुने मानवीय एवं भौतिक क्षति कम गर्न सकिन्छ।

यो स्वयंसेवक प्रणाली अहिलेसम्म तदर्थ तरिकाले चलिराखेको छ। जो जहाँ पुग्छ, आफू-आफै परिचालित हुने अवस्था छ। त्यस कारण स्वयंसेवक बनाउने र परिचालन गर्ने प्रणाली एकद्वार र साझा हुनुपर्छ। यसलाई निर्वाचित निकायको मातहत राख्ने र संविधान बमोजिम पालिकाका प्रमुख, उपप्रमुखले परिचालन गर्न सक्ने गरी बनाउनुपर्छ।

**४. राहत वितरण पालिकाबाटै**

मेयर, उपमेयरलाई दुई सय जना चाहिने हो कि त्योभन्दा बढी, उहाँहरूले नै निर्धारण गर्नुहुनेछ। परिचालित पनि उहाँहरूले नै गर्न पाउनुपर्छ। त्यस्ता स्वयंसेवकलाई तालिम, उपकरण आदिको प्रबन्ध चाहिँ विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले नै गर्नुपर्छ।

आउँदो पाँच वर्षभित्र इपिआरको राम्रो स्कोरमा मुलुकलाई पुर्‍याउने हो भने हामीलाई बीस करोड डलर जति आवश्यक पर्ने देखिन्छ। हरेक पालिकाको खातामा पैसा चाहिन्छ। विपद हुनेबित्तिकै संघ, प्रदेशको मुख ताक्ने परिपाटी तत्काल रोकिनुपर्छ।

यसबीच हामीले केही परिवर्तन गरेका छौं।

केही समयअघि जिल्ला विपदले पैसा बाँड्ने चलन थियो। अहिले हामीले पालिकाकै खातामा पैसा आउने प्रबन्ध गरेका छौं। बरू तथ्यांक चुस्त दुरूस्त राख्ने, नियन्त्रण र सन्तुलनका लागि प्रदेश र जिल्ला विपदले सघाउने तर पालिकाकै हातबाट वितरण हुने प्रणाली पनि बनेको छ। यसरी राहत र उद्धारको मापदण्ड बनेको छ।

**५. पूर्वसूचना प्रणाली**

भनिन्छ विपत्ति बाजा बजाएर आउँदैन। तर बादल, वर्षा, चट्याङ, आँधीहुरीजस्ता मौसमजन्य घटनाको पूर्वानुमान गर्न सकिन्छ। त्यसो हुँदा यसको क्षति पनि पूर्वआकलन गर्न सकिन्छ। गरिराखेका पनि छौं।

तर पूर्वसूचना प्रणाली व्यवस्थित छैन।

पोहोरकै कुरा गर्ने हो भने मुख्य मुख्य घटनामा हामीले चार-पाँच दिनअगावै बुलेटिन निकालेर सतर्कता अपनाउन भन्यौं। बेलुकाको यात्रा नगरौं, बालीनाली नभित्र्याऔंसम्म भन्यौं। तर बढीभन्दा बढी जनमानसमा पुग्ने गरेर प्रविधि प्रयोग गर्न सकेनौं। घरघरमा सूचना पुर्‍याउन सकेनौं।
सबैले बुझ्ने भाषामा रेडियो, टेलिभिजन, मोबाइलमा एकैपटक सूचना पुर्‍याउन सकेको भए हुन्थ्यो। साइरन बज्ने प्रणाली बनाउन सकेको भए जनधन जोगाउन सकिन्थ्यो। हामीले यस्तो पूर्वसूचना प्रणाली बनाउन बजेट नै छैन भनेर टार्ने गरेका छौं।

तर हामीले यी तीन कुरा भने गरिहाल्नुपर्नेछ। पहिलो, नीतिगत प्रबन्ध।

पोहोर हामीले 'पानी पर्दैछ, भेलबाढी, पहिरो जान सक्छ गाडी नचलाउनू' भन्यौं। तर सूचनाको अटेर गर्दै सबैले मनमौजी गाडी चलाए। तर रोक्ने कानुनी आधार हामीसँग रहेनछ। यस्तो बेलामा सवारी साधन चलाउनेलाई दण्डित गर्ने किसिमको नीतिगत व्यवस्था हुन अनिवार्य छ।

दोस्रो, राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रलाई मनसुन अवधिभर २४ घन्टा चलाउने।

अन्तर निकाय समन्वय प्रणाली बनाउने र मनसुनको सय दिन केन्द्रमै बसेर काम गर्नुपर्छ। ठूलाठूला स्क्रिन राखेर बाढी र वर्षा निगरानी गर्नुपर्छ। कहाँ न्यूनचापीय क्षेत्र बन्दैछ, पानी पार्ने बादल कता जाँदैछ, हाम्रो बाटोको अवस्था के छ भनेर त्यही केन्द्रमा बसेर हेर्न मिल्ने बनाउनुपर्छ। यति मात्र होइन, विपद भइहाले उद्धार र राहतको रेखदेख र अनुगमन पनि त्यहीं बसेर गर्नुपर्छ।

यसलाई 'वार रूम' का रूपमा प्रयोग गर्नुपर्छ।

ठूला विपत्तिका घटना हुँदा प्रधानमन्त्री, मन्त्री र अन्य अवस्थामा प्राधिकरणका कार्यकारी प्रमुख लगायत अन्तरमन्त्रालय-निकायका सचिव-अधिकारीहरू त्यहाँ बसेर कार्यसम्पादन गर्नुपर्छ।
तेस्रो र अन्तिम, मनसुन पूर्वतयारी गर्दागर्दै पनि जनधन क्षति हुन्छ। भौतिक सम्पत्ति नष्ट हुन्छ। सडक, जनसम्पर्क टुट्छ। तत्काल चाहिने राहत र पुनर्निर्माणका लागि राज्यको स्रोतसाधन मात्रै अपुग हुँदो रहेछ।
यसका लागि बीमाको व्यवस्था गर्न जरूरी छ। यति प्रिमियम (बिमावापतको भुक्तानी) तिरेमा बाढी, पहिरो, भूकम्पबाट क्षति हुँदा बीमाबाट भुक्तानी पाइन्छ भनेर नागरिकहरूलाई अभिमुखीकरण गर्न सकिन्छ। कार्यविधि तय गरेर, थ्रेसहोल्ड बनाएर, अतिवृष्टि हुँदा, बाढी आउँदा बीमाबाट भुक्तानी गर्न सकिन्छ।

यसरी विपद पूर्वतयारीलाई व्यवस्थित गर्ने हो भने जनधन बचाउन सकिन्छ। अहिलेको आवश्यकता पनि यही हो।

## प्रशासनिक...

विषयमा विज्ञ तहबाट विश्लेषण भएकै छैन । छाता ऐन आउनुअघि नै स्थानीय तहमा समायोजन भएका कर्मचारी स्थानीय कानुन अनुसार बढुवा वा अवकाश भइसकेका छन् । उनीहरूलाई उपदान दिने सन्दर्भमा स्थानीय बढुवालाई मान्यता दिइएको देखिएन । भोलि यसको कानुनी समाधान खोज्न अब आउने ऐनले 'प्रोएक्टिभली' कसरी समाधान दिने भन्ने विषयमा खासै छलफल भएको देखिन्न ।

वृत्ति प्रणालीको सन्दर्भमा हालसम्म सरुवा सबैभन्दा विवादित र समस्यामूलक छ । सरुवालाई समन्यायिक, पूर्वानुमानयोग्य र भविष्यमैत्री कसरी बनाएर प्रशासन सुधार गर्ने भन्ने पक्षमा बहस भएकै छैन । विसं २०२६ मा नै तहगत प्रणाली ल्याउने भनिएको थियो । जुन आजसम्म आउन सकेन । आउन नसक्नुको कारण त्यसको प्रयोगले ल्याउने आर्थिक, व्यवस्थापकीय जटिलतासमेत होला । त्यस पक्षमा समेत खासै बहस भएन । जस्तै कुन जिल्लामा नवौं तहको प्रमुख जिल्ला अधिकारी हुने कुन जिल्लामा दसौं तहको वा मन्त्रालयमै नवौं तहका उपसचिवलाई शाखा प्रमुख बनाउने कि दसौं तहकालाई बनाउने भन्ने जस्ता सामान्य विषय विश्लेषण हुनुपर्ने थियो । फाइल कसले कसलाई पेस गर्ने भन्ने विषय प्रशासकले मात्र बुझेर हुँदैन; जनताले बुझ्ने गरी छलफल हुनुपर्ने हो ।

आधुनिक समयसापेक्ष ज्ञान व्यवस्थापन, विज्ञ सेवा समूह निर्माण, ट्यालेन्ट व्यवस्थापन, न्यू पब्लिक प्यासन, सङ्घीयकरणको मौलिक ढाँचामा प्रशासनको विन्यास र स्थानीयकरणका पक्षमा खासै छलफल भएको देखिन्न । केवल वर्गीय ढङ्गबाट कर्मचारीका आफ्ना स्वार्थ र राजनीतिको बुझाइको परिधिको चक्रपथभित्रबाट मात्र विश्लेषण भइरहेको । कुलिङ पिरियडका प्रावधान, तह निर्माणमा वर्ग अनुरूपको स्वार्थमा बहस हुँदा वृत्तिको वैज्ञानिक व्यवस्थापन, सेवा प्रवाहमा प्रभावकारिता, जनसन्तुष्टि, आधुनिक राष्ट्रनिर्माणमा सेवासमूहको वैज्ञानिक विश्लेषणका विषय कतै विलाए जस्तो देखिन्छ ।

समग्र सार्वजनिक प्रशासनलाई हेर्दा निजामती सेवामा, संस्थानका सेवामा वा अर्धसरकारी सेवामा सबै कर्मचारी राजनीतिको नजिक रहन चाहने, स्वार्थमा मात्र रुमल्लिने, जनसेवालाई बेवास्ता गर्ने र सधैं सरकारी पदमा बसिरहनु पर्छ भन्ने किसिमका मान्यता बोकेका मात्र छैनन् । जीवनको एक कालखण्ड राम्ररी सेवा प्रवाह गर्ने र निवृत्त कालखण्डमा शोध अनुसन्धान गर्ने, साहित्य, सङ्गीत, प्राध्यापनमा बिताउँछु भन्ने कर्मचारी पनि प्रशस्त छन् । कार्यालयमा सेवाग्राही आउँदा घुस माग्ने मात्र हैन सेवाग्राहीको समस्या बुझेर उनीहरूलाई गाडी भाडा दिएर घर पठाउने कर्मचारी पनि छन् । उनीहरूलाई प्रोत्साहित गरेर 'रेफरेन्स ग्रुप' का रूपमा प्रोत्साहित गर्ने पक्षमा त कसैले सोचेको पनि देखिन्न ।

कर्मचारीको सङ्ख्या व्यवस्थापन, तालिम आवश्यकता पहिचान, अन्य प्रोत्साहन प्रदान गरी राजनीतिले लिएको नवीन सिद्धान्त र प्रणालीलाई व्यवस्थित गरी अनन्त कालसम्म विकासको बीजारोपण गर्ने पक्षमा यो कानुन ल्याउनुअघि विश्वविद्यालय वा विज्ञ समूहबाट दुई/चार थान शोध अनुसन्धान गरिनुपर्ने हो तर त्यसबारे कसैले आवश्यकता महसुस गरेनन् । 'कल्चरल कम्पिटेन्ट' सार्वजनिक प्रशासन भनेर भनिरहने प्रशासकले यो विषय कसरी 'कस्टोमाइज' गर्न सकिन्छ भनेर खासै ध्यान दिएको देखिएन ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**
**सम्पर्कः**
**फोनः ०२३-५४०४७८**
**मोः ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५६५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।